## सहीद तथा द्वन्द्वपीडितका छोरा छोरीलाई उच्च शिक्षा अध्ययन गर्न प्रदान गरिने छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७६

प्रस्तावनाः नेपालमा लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा भएका सहीदका छोराछोरी, सशस्त्र द्वन्द्वका समयमा मृत्यू भएका व्यक्तिका आश्रित छोराछोरी र द्वन्द्वकै कारण अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिक रुपले कुनै काम काज गर्न नसक्ने अशक्त र द्वन्दरत पक्षले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका (वेपत्ता) व्यक्तिका छोराछोरीले आर्थिक अवस्था कगजोर रहेकै कारण उच्च शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुन नपरोस् भनी त्यस्ता परिवारका छोराछोरीहरुलाई उच्च शिक्षा प्राप्त गर्ने सहज वातावरण सिर्जनाका लागि छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली २०६० को नियम ११.९ ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले यो निर्देशिका तयार गरी लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः–</u> (१) यो कार्यविधिको नाम " सहीद तथा द्वन्द्वपीडितका छोरा छोरीलाई उच्च शिक्षा अध्ययन गर्न प्रदान गरिने छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारले सहिद घोषणा गरेका व्यक्तिका छोराछोरीहरु र वि.स. २०५२ साल फागुन १ गते देखि मिति २०६३ मंसिर ५ गते सम्मको अवधिमा द्वन्द्वको कारण मृत्यू भएका, अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिक रुपले अशक्त र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका (वेपत्ता) नागरिकका आश्रित छोराछोरीहरुको हकमा मात्र यो लागु हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "सहीद" भन्नाले विभिन्न समयमा देश र जनताको लागि जीवन उत्सर्ग गराएका नेपाल सरकारबाट सहीद घोषण भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "अपाङ्ग वा अंङ्गभङ्ग" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि द्वन्द्वको क्रममा न्यूनतम पचास प्रतिशत अपाङ्ग वा अङ्गभङ्ग भएको व्यक्तिलाई जनाउने छ ।

(ग) "द्वन्द्वपीडित " भन्नाले वि.स. २०५२ साल फागुन १ गते देखि मिति २०६३ मंसिर ५ गते सम्म भएको द्वन्द्वको कारण मृत्यू भएका, अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिक रुपले अशक्त र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका (वेपत्ता) नागरिकका परिवारलाई सम्झनु पर्छ ।

(घ) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग लाईसम्झनु पर्दछ ।

(ङ) "उच्चशिक्षा" भन्नाले स्नातक वा सो भन्दा माथिको शिक्षालाई सम्झनु पर्छ ।

(च) "छात्रवृत्ति" भन्नाले द्वन्द्वपीडितका आश्रित छोराछोरीलाई उच्च शिक्षा (स्नातक/ स्नातकोत्तर तह) अध्ययन गर्न विद्यार्थीलाई उपलब्ध गराउने शैक्षिक खर्च भन्ने सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

(ज) "शिक्षण संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि स्नातक वा स्नातकोत्तर तहको अध्ययन/अध्यापन गराउने नेपाल भित्र संचालित शिक्षण संस्थालाई सम्झनु पर्दछ ।

३. <u>छात्रवृत्तिका लागि योग्यता तथा शर्तहरु सम्बन्धी व्यवस्था</u> : (१) यो निर्देशिका अनुसार छात्रवृत्ति प्राप्त गर्न देहाय अनुसारका योग्यता तथा शर्तहरु तोकिएको छ ।

(क) सहीद परिवारका लागि नेपाल सरकारले सहीद भनी घोषणा गरेको प्रमाण हुनुपर्नेछ ।

(ख) नेपाली नागरिक हुनुपर्नेछ ।

(ग) यस निर्देशिका अनुसार छात्रवृत्ति प्राप्त गर्नको लागि सहीद वा तोकिएको अवधि भित्रका द्वन्द्वपीडित परिवारका छात्रछात्रा हुनु पर्नेछ ।

(घ) मृतकको हकदारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट राहत रकम प्राप्त गरेको हुनुपर्नेछ ।

(ङ) मृतक, घाइते, वेपत्ता, द्वन्द्वपीडित भनी नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायले प्रमाणित गरेको हुनु पर्नेछ ।

(च) देश भित्रको उच्च शिक्षण संस्थामा अध्ययनरत हुनुपर्नेछ ।

(छ) सम्वन्धित शिक्षण संस्थामा भर्ना भएको वा भर्ना हुने सुनिश्चितता भएको प्रमाण अनिवार्य पेश गर्नु पर्नेछ ।

(ज) यस्तो छात्रवृत्ति प्राप्त गर्न ३०(तीस) वर्षको उमेरसम्मका छात्र छात्रालाई मात्र प्राप्त हुनेछ ।

(छ) सरकारी कोषबाट तलव सुविधा प्राप्त गर्ने व्यक्तिको सन्ततीलाई यो छात्रवृत्ति उपलब्ध गराइने छैन ।

(ज) अपाङ्ग वा अंङ्गभङ्गका आश्रित परिवारहरुको हकमा द्वन्द्वको क्रममा न्यूनतम् पचास प्रतिशत अपाङ्ग वा अङ्गभङ्ग भएको व्यक्तिको परिवार हुनुपर्नेछ ।

४. छात्रवृत्ति माग गर्ने प्रक्रिया: (१) नेपाल भित्रको शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर कार्यक्रममा भर्ना भइसकेका सहीद र द्वन्द्वपीडितका आश्रित छोराछोरीहरुले विश्वविद्यालय अनुदान आयोगबाट प्रकाशित सूचना अनुसार अनुसूची– १ अनुसारको ढाँचामा निवेदन फाराम भरी आवश्यक कागजात सहित भर्ना भएको शिक्षण संस्थामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको निवेदन प्राप्त भएपछि सम्बन्धित शिक्षण संस्थाले त्यस्ता निवेदनहरुको बारेमा शोधपुछ गरी स्पष्ट हुन आवश्यक देखेमा शोधपुछ समेत गरी निवेदन प्राप्त भएको एक महिना भित्र अनुसूची – २ अनुसारको फाराम भरी निवेदनसाथ संलग्न कागजातहरु विश्वविद्यालय अनुदान आयोगमा सिधै पठाउनु पर्नेछ ।

(३) पहिलो पटक रकम प्राप्त गरिसकेका र अध्ययनलाई निरन्तरता दिइरहेका विद्यार्थीको हकमा सम्बन्धित शिक्षण संस्थाले विद्यार्थीको अध्ययन निरन्तरता रहेको प्रमाण सहित सामान्यतया प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त सम्म अनुसूची– ३ अनुसारको ढाँचामा फाराम भरी विश्वविद्यालय अनुदान आयोगमा रकम माग गरी पठाउनु पर्नेछ ।

५ छात्रवृत्तिको निकासा प्रक्रिया:(१) छात्रवृत्तिको रकम प्राप्त गर्ने र निकासा प्रकृया देहाय अनुसार हुनेछ :

(क) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरुले नेपाल सरकारको छात्रवृत्ति ऐन तथा नियमावली अनुसार दोहोरो नपर्ने गरी तोकिएको रकम अध्ययनरत शिक्षण संस्था मार्फत प्राप्त गर्न सक्नेछन ।

(ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको शुल्क लगायत शिक्षण संस्थामा भुक्तानी गर्नु पर्ने रकम छात्रवृत्ति प्राप्त गरेपछि विद्यार्थी स्वयंले भुक्तानी गर्नुपर्नेछ ।

(ग) वार्षिक तथा सेमेष्टर प्रणालीमा सञ्चालित कार्यक्रम अन्तर्गतका सबै लाभान्वित विद्यार्थीहरुको सम्बन्धित शिक्षण संस्थाले दोस्रो वर्ष देखि छात्रवृत्तिको रकम प्राप्त गर्न अनुसूची– ३ अनुसारको फारम सहित परीक्षफल प्रकाशित भएमा लब्धाङ्कपत्रको प्रतिलिपि, आन्तरिक परीक्षामा प्राप्त नतिजा, क्याम्पसमा हाजिरी एवं हालको अध्ययन निरन्तरता खुल्ने गरी भर्ना भएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(घ) छात्रवृत्ति रकम वार्षिक रुपमा दुई किस्तामा प्रदान गरिनेछ ।

(ङ) छात्रवृत्तिको रकम स्नातक तहमा कार्यक्रमको अवधि अनुसार सामान्य विषयको हकमा ३६ (छत्तीस) महिना र प्राविधिक विषयको हकमा ६६ (छैसट्ठी) महिना सम्मको मात्र प्राप्त गर्न सकिनेछ भने स्नातकोत्तर तहको हकमा बढीमा २४(चौबीस) महिना बराबरको रकम मात्र प्राप्त गर्न सकिने छ ।

(च) एउटा तहमा अध्ययनका लागि छात्रवृत्ति रकम प्राप्त गरेको विद्यार्थीले पुनः सोही तहको अध्ययन गर्न छात्रवृत्ति उपलब्ध हुनेछैन, तर, सो भन्दा माथिल्लो तह अध्ययनका लागि भने छात्रवृत्ति उपलब्ध गराउन बाधा पर्ने छैन ।

६ <u>छात्रवृत्ति व्यवस्थापन समितिको गठनः</u> (१) आयोग अन्तर्गत छात्रवृत्ति व्यवस्थापन गर्न देहाय अनुसारको समिति गठन हुनेछ ।

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग – अध्यक्ष

(ख) सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग – सदस्य

(ग) विश्वविद्यालयका रजिस्टारहरु मध्येबाट विश्वविद्यालय अनुदान आयोगले मनोनित गरेको दुईजना रजिस्ट्रार – सदस्य

(घ) प्रतिनिधि, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखा – सदस्य

(ङ) छात्रवृत्ति हेर्ने शाखाको प्रमुख, विश्वविद्यालय अनुदान आयोग, – सदस्य सचिव

(२) विद्यार्थी अध्ययनरत शिक्षण संस्थाका प्रतिनिधिहरुलाई आवश्यक भएमा आमन्त्रित सदस्यको रुपमा समितिले आमन्त्रण गर्न सक्नेछ ।

७ <u>छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आयोग अन्तर्गत छात्रवृत्ति हेर्ने निकालले तयार पारेको विद्यार्थीहरुको विवरण सम्बन्धमा निर्णय गर्ने,

(ख) छात्रवृत्ति वापतको रकम बढाउनु पर्ने अवस्थामा सोको आधार तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) छात्रवृत्ति शाखामा औपचारिक रुपमा परेका गुनासा सम्बन्धमा छानबिन गरी निर्णय गर्ने,

(घ) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्नेछ

(ङ) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक तथा निर्णय बहुमतको आधारमा हुनेछ

(च बैठकमा उपस्थित भए वापत समितिका सदस्य र आमन्त्रित सदस्यलाई नियमानुसार बैठक भत्ता आयोगले उपलब्ध गराउन सक्नेछ

(छ) बैठकमा विशेषज्ञको आवश्यक परेमा समितिको अध्यक्षको स्वीकृति लिई विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ र

(ज) निर्देशिका कार्यान्वयनको प्रक्रियामा बाधा अडकाउ आइपरेमा आयोगको निर्णयानुसार हुनेछ ।

८ <u>छात्रवृत्ति रकमः</u> (१) विभिन्न समयमा सहीद भएका र वि.स. २०५२ साल फागुन १ गते देखि वि.स. २०६३ साल मंसिर ५ गते सम्म भएको द्वन्द्वको कारण मृत्यू भएका, अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिक रुपले अशक्त (अपाङ्गताको प्रतिशत ५० प्रतिशत भन्दा माथि भएको) र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका (वेपत्ता) नागरिकका परिवारलाई छात्रवृत्ति वापतको रकम देहाय अनुसार हुनेछ :

(क) <u>स्नातक तह तर्फः</u>

(अ) छात्रवृत्ति वापत वार्षिक रु. २४,०००।– (चौवीस हजार) सम्म ।

(ख) <u>स्नातकोत्तर तह तर्फः</u>

(अ) छात्रवृत्ति वापत वार्षिक रु. ३०,०००।– सम्म ।

९ <u>विश्वविद्यालय अनुदान आयोगको काम कर्तव्य र अधिकार</u>ः– (१) छात्रवृत्ति वितरण सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सहीद, अंगभंग, वेपत्ता तथा द्वन्द्वपीडितका छोराछोरीहरुलाई दफा ९ अनुसारको रकम उपलब्ध गराउन वार्षिक वजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) नेपाल सरकारले विनियोजन गरेको रकम आयोगबाट स्वीकृत गराउने,

(ग) छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गरेका विद्यार्थीहरुको रकम सम्बन्धित शिक्षण संस्थामा पठाउने,

(घ) छात्रवृत्ति वापतको रकम प्रभावकारी रुपमा वितरण भए नभएको अनुगमन गर्ने,

(ङ) छात्रवृत्ति पाउने विद्यार्थीको नामावली आयोगले आफ्नो वेबसाइटमा अनुसूची–४ अनुसारको ढाँचामा अध्यावधिक गराई प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्नेछ, र

(च) छात्रवत्ति व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

१० <u>छात्रवृत्ति वापतको रकम नपाउने</u>ः (१) देहायको अवस्थामा छात्रवृत्तिको रकम उपलब्ध हुने छैनः

(क) नेपाल सरकारले प्रस्तुत कार्यक्रमलाई निरन्तरता नदिएमा,

(ख) नेपाल सरकार, प्रदेश वा स्थानीय तह, कुनै विश्वविद्यालय वा कलेजबाट शैक्षिक छात्रवृत्ति वा सहयोग प्राप्त भएकोमा,

(ग) अध्ययन गर्न छाडेमा,

(घ) अध्ययन संकाय परिवर्तन गरेमा,

(ङ) सम्बन्धित निकायले तोकिंएको शर्त पूरा नभएमा,

(च) लगातार दुई वर्षसम्म ५०% भन्दा बढी विषयमा अनुत्तिर्ण भएको देखिएमा, र

(छ) यस्तै किसिमको सुविधा अन्य कुनै निकाय/संस्थाबाट उपभोग गरेको देखिएमा ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति नपाउने अवस्थामा कुनै व्यक्तिले लिएको पाइएमा त्यस्तो रकम सम्बन्धित शिक्षण संस्थाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

[illegible] निर्देशिकामा हेरफेर गर्ने अधिकार : यस निर्देशिकामा हेरफेर गर्ने अधिकार आयोगलाई हुनेछ । तर आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वकृिति लिनु पर्नेछ ।

१२ प्रचलित कानून बमोजिम हुनेः यो निर्देशकामा लेखिएका कुराहरु यसै निर्दीशका बमोजिम हुने र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची – १

*(विद्यार्थीले अध्ययनरत शिक्षण संस्थामा पहिलो पटक दिने निवेदनको ढाँचा)*

श्रीमान क्याम्पस प्रमुख/प्राचार्यज्यू
............................क्याम्पस/कलेज
.....................

विश्वविद्यालय अनुदान आयोगको मिति २० । । को सूचना अनुसार मेरो ........... (बाबा/आमा) श्री ............................सहीद/द्वन्द्वको समय मिति ........................ मा जिल्ला ...... गा.पा./न.पा. ..................वडा नं. ........... स्थानमा सहीद/मृत्यू/बेपत्ता/अपाङ्ग हुन भएको र सो वापत मैले/मेरो नजिकको हकदार श्री .........................ले जिल्ला प्रशासन कार्यालय................बाट राहत/क्षतिपूर्ति वापत रु........... प्राप्त गरेको प्रमाण यमेत संलग्न राखी " सहीद तथा द्वन्द्वपीडित परिवारका आश्रित छोरा छोरीलाई उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिने विशेष छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७६" अनुसारको छात्रवृत्ति उपलब्ध गराइदिन विश्वविद्यालय अनुदान आयोगमा सिफारिस गरी पठाइदिनुहुन देहाय अनुसारको विवरण र कागजात संलग्न राखी सादर अनुरोध गर्दछु । साथै मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार र अन्य कतैबाट समेत छात्रवृत्ति प्राप्त नगरेको र त्यस्तो देखिन आएमा बाँकी सरह असुल उपर गर्न मञ्जुर छु ।

१ विद्यार्थीको नाम, थरः

२ ठेगानाः जिल्लाः................. .....गा.पा./न.पा.............................वडा नं............

३ बाबुको नाम, थर...........................आमाको नाम,थर........................
बाजेको नाम थर...........................

४ सहीद/बेपत्ता/अपाङ्ग अविभावको विवरण

(क) सहीद/ मृत्यू/बेपत्ता/अपाङ्ग अविभावसंगको नाताः

(ख) सहीद/ मृत्यू/बेपत्ता/अपाङ्ग भएको मितिः

(ग) सहीद/ मृत्यू/बेपत्ता/अपाङ्ग भएको स्थान :

(घ) सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट राहत वा क्षतिपूर्ति प्राप्त गरेको विवरणः

(अ) मितिः.................... .......................(आ) राहत रकमः..................

५ संलग्न कागजातहरु :

(क) सहीद/ मृत्यू/वेपत्ता /अपाङ्ग भए वापत जिल्ला प्रशासन कार्यालयबाट राहत र क्षतिपूर्ति प्राप्त गरेको प्रमाण– १

(ख) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको छायाँ प्रति– १

(ग) वि.स. २०५२ साल फागुन १ गते देखि मिति २०६३ मंसिर ५ गते सम्मका अवधि भित्रका द्वन्द्वपीडित भएको प्रमाण– १

(घ सम्वन्धित शिक्षण संस्थामा भर्ना भएको वा भर्ना हुने सुनिश्चित भएको प्रमाण– १

(ङ) सरकारी कोषबाट तलब सुविधा प्राप्त गर्ने व्यक्तिको छोराछोरी नभएको भनी सम्बन्धित गा.पा./न.पा. को वडा स्तरको सिफारिस–

(च) अपाङ्ग वा अंङ्गभङ्गका आश्रित परिवारहरुको हकमा द्वन्द्वको क्रममा न्यूनतम पचास प्रतिशत अपाङ्ग वा अङ्गभङ्ग भएको प्रमाण–

उल्लेखित व्यहोरा सबै साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँदा बुझाउँला,

निवेदक,

नामः

दस्तखतः

अध्ययनरत तहः

मितिः

अनुसूची – २

*(अध्यापन गराउने शिक्षण संस्थाले पहिलो पटक विश्वविद्यालय अनुदान आयोगमा रकम माग गर्ने निवेदनको ढाँचा)*

श्री विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर ।

यस क्याम्पस/कलेजमा (स्नातक/स्नातकोत्तर तह, प्रथम/दोस्रो/तेस्रो/चौथो वर्षमा वा .......... सेमेष्टरमा) अध्ययनरत विद्यार्थी श्री ................................ को (बाबा/आमा) श्री ...........................सहीद/द्वन्द्वको समय मिति .................... मा जिल्ला ...... गा.पा./न.पा. ..................वडा नं. ............ स्थानमा सहिद/मृत्यू/बेपत्ता/अपाङ्ग हुन गएको र सो वापत निज/निजको नजिकको हकदार श्री ..........................ले जिल्ला प्रशासन कार्यालय................बाट राहत/क्षतिपूर्ति वापत रु............ प्राप्त गरेको हुँदा " सहीद तथा द्वन्द्वपीडितका छोरा छोरीलाई उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७६" अनुसारको छात्रवृत्ति उपलब्ध गराउन तहाँ आयोगमा सिफारिस गरी पठाइदिन भनी यस क्याम्पस/ कलेजमा निवेदन पर्न आएको विषयमा प्राप्त संलग्न प्रमाण तथा शोधपुछ गर्दा समेत निवेदकको माग जायज देखिएकोले देहाय अनुसारको विवरण र कागजात संलग्न राखी निजले नियमानुसार पाउने रकम यस क्याम्पस/कलेजमा निकासाका लागि अनुरोध गर्दछु । साथै मैले जाने बुझेसम्म निजले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार कही कतैबाट समेत छात्रवृत्ति प्राप्त नगरेको र त्यस्तो देखिन आएमा यस कलेज/क्याम्पसबाट बाँकी सरह असुल उपर गर्न मञ्जुर रहेको व्यहोरा समेत अनुरोध छ ।

क्याम्पस प्रमुखको,
नामः
दस्तखतः
मितिः

क्याम्पस व्यवस्थापन समितिका अध्यक्षको,
नामः
दस्तखतः
मितिः

## अनुसूची – ३

*(अध्ययनरत विद्यार्थीको दोस्रो वर्ष देखि छात्रवृत्ति उपलब्ध गराउन सम्बन्धित शिक्षण संस्थाले विश्वविद्यालय अनुदान आयोगमा रकम माग गर्ने निवेदनको ढाँचा)*

श्री विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर ।

"सहीद तथा द्वन्द्वपीडितका छोरा छोरीलाई उच्च शिक्षा अध्ययन गर्न प्रदान गरिने छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७६" अनुसार छात्रवृत्ति पाइरहेका देहाय अनुसारका विद्यार्थीहरुको यस.आ.व. को लागि रकम निकासा गरिदिनुहुन निजहरुको अध्ययन निरन्तरता रहेको प्रमाण सहित अनुरोध छ ।

| क्र.स. | विद्यार्थीको नाम | अध्ययनरत तह | वर्ष/ समेष्टर | शैक्षिक कार्यक्रमको नाम | अध्ययन पूरा हुने वर्ष | पहिलो पटक छात्रवृत्ति प्राप्त गरेको साल | सहीद वा द्वन्द्वपीडित नागरिकको नाम | सहीद वा द्वन्द्वपीडित नागरिकको विद्यार्थीसंगको नाता सम्बन्ध |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची – ४

*(छात्रवृत्ति प्राप्त विद्यार्थीको विश्वविद्यालय अनुदान आयोगले सार्वजनिक गर्ने विवरण)*

*विश्वविद्यालय अनुदान आयोगको सूचना*

सहीद र द्वन्द्वपीडित नागरिका छोरा छोरीले प्राप्त गरेको देहाय अनुसारको छात्रवृत्ति सम्बन्धी विवरणमा कसैले झुट्टा विवरण भरी वा दोहोरो हुनेगरी त्यस्तो छात्रवृत्ति प्राप्त गरेको भए वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा अन्य कुनै निकाय मार्फत छात्रवृत्ति प्राप्त गरी यस किसिमको छात्रवृत्ति लिएको भए वा अन्य कुनै कारणले छात्रवृत्ति प्राप्त गर्न नसक्ने अवस्था भए तत्काल यस आयोगमा लिखित रुपमा प्रमाण सहित (नाम गोप्य राखिने) यस आयोगलाई जानकारी गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण

| क्र.स. | विद्यार्थीको नाम | जिल्ला | सहीद वा द्वन्द्वपीडित नागरिकको नाम | हाल अध्ययनरत शिक्षण संस्थाको नाम | हाल अध्ययन गरेको तह | हाल अध्ययन गरेको शैक्षिक कार्यक्रम | छात्रवृत्तिको प्रकृति (सहीद वा द्वन्द्वपीडित (अपाङ्ग ५० प्रतिशत सम्म) र बेपत्ता नागरिक मध्ये कुनै एक) | आ.व. २०...../..... मा प्राप्त हुने छात्रवृत्ति वापतको रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |